**पावल–तिमोथी गोठालाको अध्ययन–प्रेम, एल. 4 ए.**

# बर्णाबासले सहानुभूति देखाए

नानीहरुलाई सिकाउनेले अध्ययन एल. 4 बी. पढ्नु पर्छ।

येशूले हामीलाई प्रेम गर्नु, शत्रुलाई क्षमा गर्नु, अनि खुशिको आत्मासित सहयोग गर्नु भनी आज्ञा गर्नुभएको छ।

**प्रार्थना :**''स्वर्गीय पिता, अरुलाई क्षमा गर्न साथै हाम्रा शत्रुहरुलाई पनि क्षमा गर्ने बन्नलाई तपाईंको खाँचो छ, जसै तपाईले हामीलाई क्षमा गर्नुभयो।''

**1. अरुहरुलाई नम्रता अनि सहानुभूतिको साथमा सेवा गर्नलाई, परमेश्वरको वचनसित तयार गर्नु**

जब मण्डली भित्र खाँचोमा परेका विश्वासीहरु थिए, बर्णाबासले के गरे प्रेरित 4:34–47 मा पाउनु हुन्छ।

1. जब मानिसह सवालरुदेखि (पछि पावल भए) डराएका थिए बर्णबासले के गरेका थिए प्रेरित 9:24–27 मा पाउनु हुन्छ।

**प्रेरित 11:20–30 मा पाउनु हुन्छ...**

- जब त्यागिएका ग्रीक भाषाका पण्डितहरु (ग्रीकहरु) ईसाईहरु भए, बर्णाबासले के गरे।
- जब ग्रीक भाषाका पण्डित ईसाईहरुलाई, एउटा असल शिक्षाको खाँचो परेको थियो, बर्णबासले के गरे। जब यहूदी ईसाईहरुले अन्यजाती ईसाईहरुलाई, यहूदी रिती रिवाज अपनाएको चाहन्थे पावल अनि बर्णाबासले के गरे प्रेरित 15:1–4 मा पाउनु हुन्छ।

येशूले उहांका सबै चेलाहरुलाई के गर्ने आज्ञा गर्नुयो यहून्ना 13:34 र 35 मा पाउनु हुन्छ।

हामीले ख्रीष्टको निम्ति कठिन काम गर्न अनि तिनीहरु भन्दा ज्यादा कष्ट भोग्न परेता पनि नयाँ विश्वासीहरुप्रति, हाम्रो आचरण कस्तो हुन पर्छ मत्ती 20:1–16 मा पाउनु हुन्छ।

**1 कोरिन्थी 13 अध्यायमा पाउनुहुन्छ...**

- हाम्रा वरदानहरुलाई यदि प्रेमको साथमा अभ्यास गर्दैनौं भने त्यसको के महत्व हुन्छ?
- के के कुराहरू प्रेम हो?
- के के कुराहरू प्रेम होइनन्?
- प्रेम नभएका विषयहरु के के हुन्?
- प्रेमले के कामहरु गर्दछन्?
- प्रेमले के कामहरु गर्दैनन्?

येशू अनि स्तिफिनस दुवैले के प्रार्थना गरेथे, जसले विश्वासीहरुलाई तिनीहरुका शत्रुहरुलाई के गर्नु भनि देखाउँदछ लूका 23:33 र 34 अनि प्रेरित 7:58:60 मा पाउनुहुन्छ।

**पावल-तिमोथी गोठालाको अध्ययन-प्रेम, एल. 4 ए.**



प्रभु येशूलाई कसरी पुज्न पर्छ भन्ने बारे जसको भिन्दै विचारहरु छन् त्यस्ताहरुलाई, विश्वासीहरुले कसरी आदर गर्नपर्छ रोमी 14:1-5 मा पाउनु हुन्छ।

**2. हप्ता भरी गरीने विषयहरुमा सहकर्मीहरुसित योजना बनाउनुहोस्।**

ती विश्वासीहरुको नाउँ भन्नु होस्, जसलाई क्षमा भएको छैन् वा तिनीहरुप्रति अनमन छ जसले तिनीहरुलाई नराम्रो गरेका छन्। ती विश्वासीहरुकहाँ जानुहोस् अनि तिनीहरुले दोषीहरुलाई क्षमा गरीदिऊन भनि तिनीहरुसित प्रार्थना गर्नुहोस्।

तपाइले विश्वासीहरुलाई कसरी भद्रसाथ सल्लाह दिनुहुनेछ, अगावै छल-फल गर्नुहोस्, जसले

यसप्रकारले कुरा गर्दछ :

मानिसहरू शावलदेखि (जो पछि पावल भए) डराउँदा, बर्णाबासले के गरे

- ''फलाना-फलानाले कसैलाई एउटा असल काम पाउनमा मदत गरयो, तर उसले मप्रति त्यस्तो कुनै पनि गरेको छैन्।''
- ''फलाना-फलानाको शिक्षाले अघिल्लो वर्ष मेरो अपमान गरेको थियो, अनि म त्यो मण्डलीमा कहिल्यै जाने छैन्।''
- ''फलाना-फलानाले झूण्डलाई अगुवाई गरेको मलाई मननै पर्दैन, अज्ञात मानिसहरुलाई मूर्ख कुराहरु मात्र गर्न लाउँछन्।''

1. अर्कै कुरा गर्ने र मैला कपड़ा लगाउने नयाँ व्यक्तिहरुको वरिपरि वस्न म चाहन्नँ।

पावल-तिमोथी अगुवा प्रशिक्षण अध्ययन सी. 5 इ. मा नयाँ नियमको ''एउटाले अर्कोको आज्ञाहरु'' पाठ प्राप्त गरेर एकसाथ पढ़नुहोस् वा यस अध्ययनको अन्तमा, सारांश प्रयोग गर्नुहोस्।

**3. आउने आराधनाको समयको योजना सहकर्मीहरुसित बनाउनु होस्।**

प्रसंगलाई सुहाउंदो क्रियाकलापहरु चुन्नुहोस्।

बर्णाबासको जीवनका सबै घटनाहरु वा केहि, भाग-1 बाट अभिनय गर्नोस वा दोहोर्‍याउनु होस्।

तपाईंले भाग-1 मा जे पाउनु भएको छ, त्यसबाट प्रश्नहरु सोध्नुहोस्।

नानीहरुले प्रौढ़हरुलाई नाटक प्रस्तुत गरीदिऊन वा तिनीहरुले तयार पारेका प्रश्नहरु अनि कविता सुनाउन।

नयाँ नियमको 'एकार्काका' आज्ञाहरुलाई दोहोरायाउनु होस्, अनि त्यसलाई कसरी अभ्यास गर्ने विश्वासीहरुलाई छलफल गर्न लगाउनु होस्।

**पावल-तिमोथी गोठालाको अध्ययन-प्रेम, एल. 4 ए.**

प्रभु भोज परिचय गर्नलाई प्रभु येशूले भोकाएका मानिसहरुको निम्ति आश्‍चर्य प्रकारले भोजन प्रबन्ध गर्नुभएको बारे यूहन्ना 6:1-14 बाट पढ़नुहोस् वा कथा सुनाउनुहोस्। उहाँले अझै पनि अत्मिकी भोजन अनि पानीको प्रबन्ध हामी विश्‍वासीहरुको निम्ति गर्नु हुन्छ।

यदि समय छ भने कसैलाई यो कविता पढ़न लगाउनुहोस् वा तपाईंले चुन्नु भएको कुनै एउटा विषय।

दुष्टले आफ्नो अपमानको घोषणा गर्दछ,

गहिरो निराशा चाँड़ै देखा पर्नेछ।

मानिसहरु उदाश भएको अनि निराशामा

भएको मलाई हेर्ने उत्कट इच्छा छ।

मधुर आवाज प्रेतको कानमा

मानिसको चित्कार अनिकष्टमय सुस्केरा।

नरकको ठट्टा गर्ने मुस्कुराउछ, देखेर तिनीहरुको आंशु,

अनि हाँस्छन्! जब मर्नेछ तिनीहरुको आनन्द।

यूहन्ना 13:14 एक साथ कण्डस्थ गर्नुहोस्।

एकार्काको कमजोरी स्वीकार्नु, शत्रुहरुको निम्ति प्रार्थना गर्नु अनि एकार्का लाई उत्साह दिनलाई स-साना झुण्डहरु बनाउनुहोस्।

**नयाँ नियम का एउटाले अर्कोलाई, एकार्काका आज्ञाहरु**

**1. प्रेम**

आपसमा प्रेम गर : यूहन्ना 13:34-35, 5:12, अनि 17; रोमी 12:10; 1 थिस्सेलोनिकी 4:9, 1यूहन्ना 3:11,14 र 23, 4:7:11 र 12, 2 यूहन्ना 1:5, 1 पत्रुस 1:22

व्यवस्था पूरा गर्नलाई आपसमा प्रेम गर : रोमी 13:8 एक अर्को प्रतिको हाम्रो प्रेम बढ़दै जान्छ : 2 थिस्सलोनिकी 3:12 आपसमा प्रगाढ़ प्रेम राख, प्रेमले नै असंख्य पापहरु ढाक्दछ :

**2. सङ्गती अनि पुनर्मिलन**

एउटा संग, अर्काको सङ्गती हुन्छ : 1 यूहन्ना 1:7 एकार्कालाई क्षमा गर : एफिसी 3:13, 4:32, कलस्सी 3:13, 4:32

एउटाले अर्कोलाई पवित्र चुम्मनले अभिवादन गर (कुनै कुनै संस्कृतिमा अंगालो हाल्नु) : रोमी 16:16, 1 कोरिन्थी 16:20, 2 कोरिन्थी 13:12, 1 पत्रुस 5:14

रोटी भाँच्नलाई एकार्कालाई पर्ख : 1 कोरिन्थी 11:33 एउटाले अर्कोको दु:खहरु भोग:1कोरिन्थी 12:26

**3. सेवा**

हरेकले वरदान पाएअनुसार एउटाले अर्कोको सेवा गर : 1 पत्रुस 4:10 प्रेमबाट एक ले अर्कोको सेवा गर : गलाती 5:13

एउटाले अर्कोसंग भलाई गर : 1 थिस्सलोनिकी 5:15

एउटाले अर्कोको वास्ता राख : 1 कोरिन्थी 12:25

एउटाले अर्कोको भार उठाऊ : गलाती 6:2

एक-अर्कोको खुट्टा धुनु, नम्र सेवकाइको चिन्ह हो : यहून्ना 13:24

एकार्का सित मिलेर काम गर : 1 कोरिन्थी 3:6, 2 कोरिन्थी 6:1

**4. सिकाउनु**

एकार्कालाई सिकाऊ : कलस्सी 3:16

एउटाले अर्कोलाई डोरयाऊ : रोमी 5:14

**5. प्रोत्साहन दिनु**

एकार्कालाई प्रोत्साहन देऊ : कलस्सी 3:16, हिब्रू 10:25

एउटाले अर्कोलाई अर्ती देऊ : हिब्रू 3:13

एउटाले अर्कोसित सत्य बोल : एफिसी 4:25

एउटाले अर्कोको निम्ति प्राण अर्पण गर्नु पर्छ : 1 यहून्ना 3:16

एउटाले अर्कोलाई प्रेम र सुकर्ममा उत्तेजित गराऊ : हिब्रू 10:24

**6. प्रार्थना, स्वीकार अनि सुधार**

एउटाले अर्कोको निम्ति प्रार्थना गर : याकूब 5:16

एउटाले अर्कोसंग आफ्नो पाप स्वीकार गर : याकूब 5:16

एउटाले अर्कोलाई सुधार गर : 1 थिस्सलोनिकी 4:18, र 5:1, 11

भजन, शिक्षा, प्रकाश, बोली, अर्थ खोलेर, एउटाले अर्कोको सुधार गर : 1 कोरिन्थी 14:26

एक साथ परमेश्वरको महिमा गर : रोमी 15:6

**7. आदरसित एकतालाई बनाइराख्नु**

एउटाले अर्कोको आदर गर : रोमी 12:10

एक दोस्रोप्रति एकै मनका होओ : 2 कोरिन्थी 13:11

एउटा सित अर्को, एकै मनका होओ : 2 कोरिन्थी 13:11, 15:5 रोमी 12:16

एउटाले अर्कोलाई दोष नलगाऊ : रोमी 14:13

एउटाको विरुद्ध अर्कोले बदनामी नगर : याकूब 4:11, 5:9

एकार्काको अधीनमा बस : एफिसी 5:21

एउटाले अर्कोप्रति नम्रतत व्यवहार गर : 1 पत्रुस 5:5

### 8. मिलापमा बस

एउटाले अर्कोसित धीरज राख : एफिसी 4ः2

एकार्कासित शान्तीमा बस : मर्कूस 9:50

एउटाले अर्कोलाई सत्कार गर : रोमी 15:7, 1 पत्रुस 4:9

# हामी अरुहरुको सेवा गर्छौं किनभने हामी उनीहरुलाई प्रेम गर्दछौं

## 'भेड़ा' अनि 'बाख्रा' बिचको भिन्नता जान्न

**प्रार्थना :**''हाम्रा स्वर्गमा हुनुहुने बुवा, नानीहरुले, अरुहरुलाई प्रेमसाथ सेवा गर्न प्रोत्साहन दिनलाईचस अध्ययनलाई प्रयोग गर्नुहोस्।''

नानीहरुले सिक्ने कुनै क्रियाकलापहरु चुन्नुहोस्।

भेड़ा अनि बाख्राको कथा मत्ती 25:31-46 बाट ठूला नानी वा शिक्षकले पढ़ीदिऊन्। मानिसहरु उहाँका हुन् वा होइनन् भनि परमेश्वरले कसरी निर्णय गर्नुहुन्छ यस कथाले बताउँदछ। कथा सुनाए पश्चात, प्रश्नहरु सोध्नु होस् :

- मानिसहरुको न्याय कसले गर्नुहुन्छ अनि तिनीहरुलाई भेड़ा र बाख्रा जस्तै कसले छुटयाउँने छ? (उत्तर : पदहरु 31-32)
- भेड़ाहरुले परमेश्वरप्रति आफ्नो प्रेम कसरी देखाए? (35)
- खाँचोमा परेका मानिसहरुप्रति 'बाख्राहरुको' कस्तो व्यवहार थियो? (42)
- खाँचोमा परेका मानिसहरुलाई हामीले मदत गर्दा वास्तवमा, कसको सेवा हामीले गरेका हुन्छौं? (40)
- न्यायको दिनमा अरुलाई प्रेम नगर्नेलाई के गरिनेछ? (46)

मत्ती 25:31-46 बाट भेड़ा अनि बाख्राहरुका कथाका भागहरु नाटक गर्नुहोस्।

ठूला नानीहरु वा प्रौढ़हरुले येशू अनि कथकका भागहरु गरुन्। कथकले कथालाई संक्षेपमा सुनाउन् अनि नानीहरुले के भन्न पर्छ सम्झना गराउनमा मदत गरुन्। साना नानीहरुले भेड़ाहरु, बाख्राहरु र मानिसहरुका पाठहरु खेलुन्।

### नाटकको पहिलो भाग, मत्ती 25:31-40

**कथक :**कथाको पहिले भाग भन (पदहरु 31-40)। त्यसपछि भन, ''सुन्नुहोस् मानिसहरुले के भन्दछन्।''

**मानिसहरु :**मलाई गोहार गर।'''' मलाई भोक लागेकोछ।'''' मलाई लुगा चाहिएको छ।'''' म तिर्खाएको छु।'''' मलाई सुत्नलाई जगह चाहिन्छ।'' ''म रोगी छु''।

**कथक :**''सुन्नु होस् भेंड़ाहरुले के भन्दछन्।''

**भेड़ाहरु :**''आऊ। हामी तिमीहरुलाई मदत गर्नेछौं किनभने हामी येशुलाई प्रेम गर्दछौं।''

**येशू :**''म अब बाख्राहरुदेखि भेड़ाहरु अलग गर्नेछु, मसित यहाँ आऊ। तिमीहरु धन्यका हौ, किनभने तिमीहरुले मलाई खान दियौ, अनि मलाई पहिरयायौ अनि मलाई मदत गरयौ।

**भेड़ाहरु :**हामीले त्यसो कहिले गरयौं? हामीले तपाईंलाई कहिल्यै खांचोमा देखेनौं।''

**येशु :**तिमीहरुले यी गरीब मानिसहरुमध्ये एउटालाई जे गर्‍यौ, तिमीहरुले मलाईनै गरयौ।''

### नाटक, दोस्रो भाग, मत्ती 25:41-46

**कथक :**कथाको दोस्रो भाग सुनाउनुहोस (पदहरु 41-46)। भन, ''सुन्नु होस् मानिसहरुले के भन्दछन्।''

**मानिसहरु :**''मलाई मदत गर्नुहोस्।'''' म भोकाएको छु।'''' मलाई वस्त्र चाहिएकोछ।'''' म तिर्खाएको छु।'''' मलाई राम्रो ठाउँ चाहिएको छ।'' ''म रोगी छु।

**बाख्राहरु :**''गइ हाल्! म तिमीलाई मदत गर्दिनँ।''


**येशू :**''बाख्राहरु, मदेखि दूर भइ हाल! तिमीहरुले मलाई मदत गरेनौ जब तिमीहरुले मलाई खाँचोमा परेको देखेका थियौ।जनु बेला खाँचोमा परेकोलाई तिमीहरुले हेला गर्‍यौ, त्यो तिमीहरुले मलाई गरयौ।''

**कथक :**नाटकमा मदत गर्ने सबैलाई धन्यवाद देऊ।

नानीहरुको निम्ति मण्डलीका अगुवाहरुसित मिलाउनुहोस् :

- उपासनाको समयमा नाटक प्रौढ़हरुलाई प्रस्तुत गर्न।
- नानीहरुले प्रौढ़हरुलाई अध्ययनको शुरूमा तयार प्रश्नहरु सोध्न।
- नानीहरुले, तयार पारेका कविता वा अरु कुनै विषयहरु प्रस्तुत गर्न।
- मानिसहरुको खाँचोमा सेवा पुराएर हामीले कस्तो तरीकाले परमेश्वरको सेवा गर्न सक्छौं, नानीहरुलाई सोध्नु होस्। तिनीहरुले उदाहरणहरु दिऊन्।

भोजन भएको एउटा प्यालाको चित्र बनाउनुहोस्। नानीहरुले तिनीहरुको चित्र अर्को आराधनाको समयमा प्रौढ़हरुलाई देखाउन्। नानीहरुलाई बुझाउन लगाउनुहोस् कि हामीले प्रेमसाथ एकार्काको सेवा गरेर कसरी परमेश्वरको सेवा गर्छौं भनी यसले व्याखा गर्दछ।



1 यूहन्ना 4:19-20 कण्ठस्थ गर्नुहोस्।

तीन नानीहरु।

तीन नानीहरुले यी पदहरु 1 कोरिन्थी 13:1, 4-5 अनि 6-8 बाट पाठ गरुन्।

यदि म मानिसहरु र स्वर्गदूतहरुका भाषामा बोलें, तरैपनि ममया प्रेम छैन् भने, म हल्ला र फोस्रो आवाज गर्ने घण्टा, कि झ्याली मात्र हुन्छु।

प्रेम धीरजी र दयालु हुन्छ। प्रेमले डहा गर्दैन, प्रेमले आफै सेखी गर्दैन र घमण्डले फुल्दैन, आफै बेकायदा साथ चल्दैन, आफ्नै भलाई खोज्दैन, रिसाउंदैन, खराबीको वास्ता गर्दैन्।

अधर्ममा खुशी हुँदैन्, तर सत्यमा खुशी हुन्छ। सबै कुरा सहन्छ, सबै कुरा पत्यार गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा स्थिर रहन्छ। प्रेम कहिल्यै टल्दैन्।

मानिसहरुले खाँचोमा परेकाहरुलाई प्रेमबाट कसरी सेवा गर्दछ, भनि तिनीहरुले देखेको एउटा उदाहरण ठूला नानीहरुलाई भन्न लगाउनुहोस् वा एउटा कविता, गीत वा कथा लेख्न लगाउनुहोस्। यी कामहरु तिनीहरुले घरमा गर्न सक्छन्, वा हप्तामा एउटा सानो झूण्डमा गरुन्।

**प्रार्थना :**''प्रभु, सत्य प्रेम के हो भनी हामीलाई देखाउन भएको निम्ति, हामी तपाईलाई धन्यवाद दिन्छौं। तपाईले हामीलाई प्रेम गर्नुभएझैं हामीले एकार्कालाई प्रेम गर्नमा मदत गर्नुहोस्। हामीले अरुलाई सेवा पुरयाउँदा यो थाहा गर्नदिनुहोस् कि, हाम्रो प्रेम तपाईको निम्ति देखाइ रहेकाछौं।''

# परमेश्वरले होशेको परिवारलाई बलियो पार्न तिनलाई सिकाउनुभयो

नानीहरुलाई सिकाउनेले अध्ययन एफ. 2 बी. पढ्नु पर्छ।

**प्रार्थना :**''प्रभु, हाम्रो परिवार तपाईंको वरदान हो। एउटा ईसाई परिवार झैं आनन्दको जीवन जीउन पत्तो लाउनमा हामीलाई मदत गर्नुहोस्। तपाईंलाई चिनाउनको निम्ति, नानीहरुलाई बड़ाउनमा हामीलाई मदत गर्नुहोस्, अनि कसरी एकार्कालाई साँचोसित प्रेम गर्ने देखाउन हामीलाई मदत गर्नुहोस्।''

## 1. परमेश्वरको वचन सुन्नलाई तपाईको हृदय तयार पार्नु होस्

एक असल क्षमा गर्ने लोग्नेको एउटा उदाहरण होशे 3 अध्यायमा पाउनुहुन्छ।



- परमेश्वरले उहाँका जनहरुलाई प्रेम गर्नु भएझैं, होशेको प्रेम आफ्नो स्वास्नीको निम्ति कस्तो थियो ?
- होशेले आफ्नो स्वास्नीको कुन पापहरुको निम्ति क्षमा गरे ?

  होशेले आफ्नो स्वास्नीको सेवा कसरी गरे 2 अनि 3 पदहरुमा पाउनुहुन्छ।

  लोग्ने अनि स्वास्नीलाई पावलले परामर्श दिएको एफिसी 5:22-33 मा पाउनु हुन्छ।
- एकार्काको निम्ति के गर्नु भनी सबै ईसाईहरुलाई बाइबलले बताउँदछन् ? (पद 22)
- स्वास्नीले लोग्नेलाई कस्तो व्यवहार गर्नुपर्छ ?
- आफ्नो स्वास्नी प्रति एउटा लोग्नेको कस्तो किसिमको प्रेम हुन पर्छ ? एउटा आज्ञाकारी छोरा अनि दुइ अनाज्ञाकारीको एउटा उदाहरण 1 शमूएल 3 अध्यायमा पत्तो लाउनुहोस्।
- शमूएल एउटा ठिटो भएर कसरी परमेश्वरको सेवा गरे पद 2-10 मा पाउनु हुन्छ।
- एली आफ्नो छोराहरुलाई अनुशाससनमा राख्नदेखि कसरी चुके पद 13 मा पाउनु हुन्छ।
- छोराहरुको निम्ति चेतावनी, जसले तिनीहरुको अनाज्ञाकारीताको पश्चताप गरेनन् पद 14 मा पाउनुहुन्छ।

नानीहरुले तिनीहरुको आमा-बुवाको आज्ञा कसरी पालन गर्नपर्छ अनि आमा-बुवाले आफ्ना नानीहरुलाई प्रभुमा कसरी हुर्काउन पर्छ एफिसी 6:1-4 मा पाउनुहुन्छ।

- प्रत्येक दिन तिनीहरुलाई बाइबलका कथाहरु सुनाउन, गीत गाऊन, प्रार्थना अनि धर्मशास्त्र कण्ठस्थ पार्नलाई समय निकाल्नुहोस्। शमूएल झै, तिनीहरु किशोर छँदानै नानीहरुले परमेश्वरको सेवा गर्न शुरू गर्नेछन्, यदि तिनीहरुलाई असल शिक्षा दिएका छन् भने।
- तिनीहरुलाई दश आज्ञा, येशूका आज्ञाहरु, हितोपदेशहरु, अनि नयाँ नियमामा भएका एकार्कालाई व्यवहारिक प्रेम देखाउने बाटोहरु सिकाउनुहोस्।
- सङ्गतीको समयमा नानीहरुलाई सामेल गर्नुहोस्। गाऊन लगाउनुहोस्, छोटो नाटक प्रस्तुत गर्न लगाउनुहोस् अनि पदहरु पाठ गर्न लगाउनुहोस्।
- नानीहरुलाई उमेरको कारणले सँधै अलग नगर्नुहोस्। ठूला नानीहरुले किशोर नानीहरुलाई सिकाउन्।
- नानीहरुलाई प्रेम सित सच्च्याउनु होस्, रिसले होइन, अनि कड़ा नियमहरुले, जो तिनीहरुको निम्ति कठिन छन्, निराश नतुल्याउनुहोस्।

- अरुहरुको सेवा गर्ने मौका नानीहरुलाई दिनुहोस्।

**2. हप्ता भर गरीने क्रियाकलापहरुको योजना सहकर्मीहरुसित बनाउने**

मण्डलीमा भएका परिवारहरुको घर भ्रमण गर्नु अनि नानीहरुसहित दैनिक संगतीको समयको योजना बनाउनमा मदत गर्नु।

मण्डलीका अगुवाहरुले आफ्ना परिवारसित मिलेर प्रार्थना गर्नलाई प्रोत्साहन दिनु। ईसाई कार्यकर्ताहरुको परिवारहरुको वास्ता नराख्नलाई शैतानले धेरै पल्ट परिक्षा गर्दछ। ईसाई अगुवाहरुको परिवारलाई कमजोर बनाउनको निम्ति शत्रुले हेरी बस्दछ अनि त्यसैबाट तिनीहरुको सेवकाइहरुलाई नष्ट गर्दछ।

समस्यामा परेका परिवारहरुलाई भेट गर्नुहोस् अनि तिनीहरुका परिवारहरु कसरी बलियो हुनसक्छन् सल्लाह दिनुहोस्।यहाँ केहि निर्देशनहरु छन् :

(1) कुनै परामर्श दिन भन्दा अघि परिवारभित्र समस्यामा परेकाहरु सबैको सुन्नुहोस्!

(2) बताएका कुराहरुलाई गुप्तमा राख्नुहोस्। यी कुरालाई अरुहरुसित नदोहोर्‍याउनुहोस्।

(3) एकार्कालाई कसरी व्यवहार गर्न पर्ने बारेमा बाइबलदेखि एकसाथ पढ्नुहोस्, जस्तै : फिलिप्पी 2 अध्याय अनि 1 कोरिन्थी 13 अध्याय।

(4) एउटाले अर्कोलाई क्षमा दिन परमेश्वरको अनुग्रहको निम्ति प्रार्थना गर्नुहोस्।

(5) एकार्कालाई प्रेमको साथमा सेवा गर्नलाई व्यवहारिक उपायहरु पत्तो लाउन परिवारका सारा सदस्यहरुलाई मदत गर्नुहोस्। तिनीहरुको अगुवाको नातामा, तिनीहरुका परिवारलाई नि:स्वार्थ साथ सहायता गर्न दिंदै, ख्रीष्ट येशू जस्तै एक सेवक हुनुको अर्थ के हो बताउने तपाइ ँ पहिलो व्यक्ति हुनुपर्छ।

**3. आउने सङ्गतीको समयबारे सहकर्मीहरुसित योजना बनाउनुहोस्**

स्थानीय रिवाज अनि वर्तमान खाँचोमा मिल्ने क्रियाकलापहरु चुन्नुहोस्।

परमेश्वरको आवाज सुन्ने किशोर शमूएलको कथा 1 शमूएल 3 अध्ययन देखि सुनाउनुहोस् वा अभिनय गर्नुहोस्।

भाग-1 मा तपाइ ँले पाउन भएका विषयहरुबारे प्रश्नहरु सोध्नु होस्।

बुझाउनुहोस : लोग्नेले आफ्नो परिवारलाई प्रेम गर्नु अनि नि:स्वार्थसाथ तिनीहरुको सेवा गर्नु बाइबलले सिकाउँदछ।

होशेले देखाए कि, आफ्नी अविश्वासयोग्य स्वास्नीलाई दासत्वबाट छुटाएर, क्षमा गरेर, शान्तीपूर्वक कसरी उसित बस्नु सिकाउँदै उसको कसरी सेवा गरे।

ईसाई परिवारहरुको निम्ति पावलको परामर्श एफिसी 5:22 देखि 6:4 सम्मबाट पढ्नुहोस्।

भाग-1 मा तपाईंले पाउनु भएका विषयहरुबारे प्रश्नहरु सोध्नु होस्।

**बुझाउनुहोस् :**

- धेरै संस्कृतिहरुमा स्वास्नीहरुले लोग्नेको सेवा गरेको अनि नानीहरुले आमा बुवाको आज्ञा पालन गरेको आशा गर्दछ, जसरी बाइबलको एफिसी 5 अनि 6 ले सिकाउँदछ। तैपनि, बाइबलले यो पनि सिकाउँदछन् कि एकार्काको अधीनमा बस्नु। हरएक परिवारका सदस्यहरुलाई आदरनीय प्रेममा अरुको सेवा गर्ने मौका छ।

**पावल-तिमोथी गोठालाको अध्ययन-प्रेम, एफ. 2 ए.**

- जब एउटी स्वास्नीले आफ्नो लोग्नेको आदर गर्छिन्, तिनले आफ्ना नानीहरुलाई तिनीहरुको आमा-बुवालाई आदर गर्न अनि येशूलाई आदर गर्न सिकाउँछिन्।
- पावलले एउटा लोग्नेको प्रेम, ख्रीष्टले आफ्ना चेलाहरुसित गर्नु भएको प्रेमसित दजाउँदछ। ख्रीष्टले उहाँको जीवन हाम्रो लागी दिनुभयो। लोग्नेको परित्यागको प्रेम स्वास्नीप्रति, ख्रीष्टको परित्यागको प्रेम उहाँका सन्तानहरुलाई अनि उहाँका वरीपरी भएका प्रत्येकको निम्ति एउटा व्यवहारिक उदाहरण हो।

भाग-1 मा तपाईंले पाउनु भएका विषयहरुबारे प्रश्नहरु सोध्नुहोस्।

प्रभुभोज परिचय दिनलाई अय्यूब 1:5 पढ्नुहोस्। बुझाउनु होस कि अय्यूब एक असल पिता (बुवा) थिए, तिनका छोरा-छोरीहरुको निम्ति बलिदान टक्राउँथे। जब हामी प्रभुभोज खांदछौं, हामी संझना गरौं कि हाम्रा स्वर्गमा हुनु हुने पिताले हामी सबैको निम्ति महान बलिदान गर्नु भयो। उहाँले हामीलाई यतिसम्म माया गर्नुभयो कि उहाँले आफ्नो पुत्र हाम्रो निम्ति अर्पण गर्नुभयो।



नानीहरुलाई नाटक, कविता अनि प्रश्नहरु जे तिनीहरुले तयार गरेका छन् प्रस्तुत गर्न लगाउनु होस्।

होशेले आफ्ना अविश्वासी स्वास्नीलाई क्षमा गरेको कथालाई होशे 3 अध्यायबाट सुनाउनु होस् वा अभिनय गर्नुहोस्।

विश्वासीहरुको परिवारहरुलाई परमेश्वरले कसरी परिवर्तन गर्नु भएको छ अनि तिनीहरुले आफ्ना परिवारलाई व्यवहारिक रूपले, सेवा गर्नलाई कसरी सिकेका छन् साक्षी वा प्रतिवेदन दिन लगाउनु होस्।एक अर्कोलाई परामर्श दिन अनि प्रार्थना गर्न अनि तिनीहरुको परिवारसित दैनिक प्रार्थना गर्ने समयका योजनाहरु पक्का गर्नलाई दुइ वा तीन मानिसहरुको झुण्ड बनाउनुहोस्।

एफिसी 5:22 एकसाथ कण्ठस्थ गर्नुहोस्।

# एउटी जवान विधवाले परिवार प्राप्त गरीन्

**प्रार्थना।** ''प्रभु, रूथ, नाओमी अनि बोअजले गरे झैं, नानीहरुले पनि तिनीहरुका नातेदारहरुलाई प्रेम गर्नमा मदत गर्नुहोस्।

प्रेमको एउटा महानकथा बारे सिकाउनलाई तयारी गर्नुहोस्। रूथ 1-4 अध्याय पढ्नुहोस्।



- बोअजको प्रेम रूथप्रति भएको नुमुना, ख्रीष्टले कसरी प्रेम गर्नुभयो अनि उहाँमा विश्वास गर्ने हामीलाई छुटाउनु भयो भनी व्याखा गर्दछ।
- तपाईंले कथालाई एक हप्ता भन्दा बढ़ी समय दिन पर्ने छ, वा यसको केहि भागहरुलाई मात्र प्रयोग गर्नुहोस्

रूथको कथालाई स्मृतिद्वारा ठूला नानीहरु वा शिक्षकले सुनाऊन्। तीन वा चार नानीहरु प्रत्येकले अध्यायका मुख्य घटनाहरु वर्णन गरुन्।

**अध्याय-1, बुझाउनुहोस् :**

- एउटा मानिस आफ्नी स्वास्नी नओमी अनि तिनीहरुका दुई भाइ छोराहरुलाई लिएर इस्राएल देखि मोआबमा प्रवास गर्नलाई गए। यी छोराहरुले मोआबी स्त्रीहरु विवाह गरे, रूथ र ओर्पा।
- ती तीन मानिसहरु मरे, तीन विद्यवाहरु छाड़िए, भोजन खोज्नलाई नाओमी इस्राएलमा फर्कन पर्ने थियो।
- रूथ अनि ओर्पा, नाओमीसित जान चाहन्थे, तर तिनले तिनीहरुलाई आफ्नो माइती घर फर्कनलाई भनिन्।
- ओर्पा रोइन् अनि आफ्नो माइती घर फर्केर गइन्, तर रूथले तिनको विधवा सासू-आमा नओमी प्रति माया देखाइन्, अनि तिनीसितै इस्राएल जानलाई विन्ति चढ़ाइन्।

**अध्याय-2, बुझाउनुहोस् :**

धनी बोअजले रूथप्रति दया अनि आदरसित व्यवहार गरेर आदर्श हृदय प्रकट गरेका थिए, जब रूथ खेतमा शिला-वाला खोज्नलाई गएकी थिइन्। इस्राएलको पूरानो व्यवस्थाअनुसार कटनीको बेला छोड़िएको शिला-बाला गरीब मानिसहरुलाई बटुल्न अनुमति दिइएको थियो।

- नओमी अनि रूथको निम्ति खानलाई शिला-बाला बटुल्न रूथ कहाँ गइन्? (उत्तर : रूथ 2:3 हेर्नुहोस्)
- रूथले खेतमा कति मेहनत गर्थीन? (पद 7 हेर्नुहोस्)
- रूथ गरीब र विदेशी हो भनेर, के बोअजले उप्रति अपव्यवहार गरे?(पदहरु 14-15 हेर्नुहोस्)

रूथले आफ्न सासू-आमा, नओमीलाई मदत गर्न तिनले के गर्थीन? (पद 18 हेर्नुहोस्)

**अध्याय-3 बुझाउनु होस् :**

- रूथले साहससित बोअजलाई तिनको हात विवाहको बन्धनद्वारा थामी दिऊन भनेर सोध्नलाई गईन्।

- पुरानो रीतिअनुसार एक नजिकको नातेदारले युद्ध, गरिबीले प्रभावित तथा कुनै उत्ताराधिकारविना मर्दै गरेकोलाई बचाउन पर्थ्यो।
- बोअज, हाम्रा उद्धारक येशूको उदाहरण थियो, जसले हामीलाई शैतानबाट छुटाउनु भयो।

**अध्याय-4 बुझाउनुहोस् :**

- बोअजले रूथका नजीकका नातेदारहरुसित बुद्धिमानीसाथ व्यवहार गरे, जसमा यी नातेदारहरुले बोअजलाई रूथसित विवाह गर्नदिए।
- विवाह द्वारा रूथ अनि बोअजले प्रेम देखाए अनि तिनीहरुको बाल बच्चा नओमीलाई हुर्काउन दिए।
- रूथ, महान राजा दाउदकी बज्यै र प्रभु येशूकी पुर्खा बन्न गईन्।

रूथको कथाका भागहरु नाटकमा हाल्नुहोस्। यो नाटकलाई प्रस्तुत गर्नको निम्ति मण्डलीका अुवाहरुसित बन्दोबस्त मिलाउनुहोस्। ठूला नानीहरुले किशोरहरुलाई तयार पार्नमा मदत गरुन्।

ठूला नानीहरु वा प्रौढ़हरुले रूथ, नओमी अनि कथकको पाठहरु गरुन्। कथकले कथालाई छोटकरीमा सुनाउन अनि नानीहरुलाई तिनीहरुले भन्न र गर्न पर्ने विषयहरु संझना गराउनमा मदत गरुन्। साना नानीहरुले ओर्पा अनि कटनी गर्नेहरुको भाग गरुन, कटनीगर्नेले हातमा पातहरु वा सिंकाहरु अन्नको रूपमा लिऊन्।

## नाटक

**कथक :**कथाको पहिलो भाग रूथ अध्यय देखि छोटकरीमा भन। त्यसपछि। भन,‘‘सुन्नुहोस् नाओमीले रूथ र ओर्पालाई के भन्दछिन्।’’

**नओमी :**‘‘हाम्रा लोग्नेहरु मरि सके ! म इस्राएलमा भोजन खोज्न जान्छु। तिमीहरु आफ्ना माईतामा जाऊ।’’

**ओर्पा :**नओमीलाई अंगालेर रून्छीन्, अनि गइहाल्छीन्।

**रूथ :** घुँड़ा टेकेर नओमीलाई विन्ती गर्छीन्, ‘‘तपाई जहाँ जानुहुन्छ, म त्यहिं छु, अनि तपाईं जहाँ बस्नुहुन्छ, म त्यहीं बस्छु। तपाईंको मानिस मेरो मानिस हुनेछ, अनि तपाईंको परमेश्वर, मेरो परमेश्वर हुनेछ। तपाईं जहाँ मर्नु हुन्छ, म पनि त्यहीं मर्नेछु।’’

**कथक :**कथाको दोस्रो भाग रूथ 2 अध्यायबाट छोटकरीमा बताउने। त्यसपछि भन, ‘‘सुन्नुहोस् रूथले नओमीलाई केभन्दछीन्।’’

**रूथ :**‘‘आमा, हामीलाई भोजनको खाँचोछ। म गएर कटनी गर्नेहरुले छाड़ेका अन्नहरु बटुल्नेछु।’’ (कटनी गर्नेहरु भए तिरजानु अनि भूँईबाट अन्नहरुको शिला-बाला टिपेको जस्तो गर्नु।)

**बोअज :**‘‘कटनीगर्नेहरु, मेरो खेतमा अन्न उठाउने त्यो स्त्री को हो ?’’

**कटनीगर्नेहरु :**तिनी रूथ हुन्, गरीब विदेशी विधवा। तिनीले कड़ा मेहनत गर्छीन् अनि थोरै आराम गर्छीन्।’’

**बोअज :**रूथकहाँ जानु अनि भन ‘‘रूथ तिमीले नओमीप्रति देर्शाएको तिम्रो दयाबारे मैले सुनें। मेरो खेतमा बस अनि अन्नहरु बटुल अनि भोजन गर जो मैले मेरा कटनी गर्नेहरुको निम्ति तयार पारेकोछु।’’

**बोअज :**कटनी गर्नेहरु कहाँ जानु अनि भन, ‘‘रूथलाई अन्नहरु बटुल्न देऊ। तिनलाई कष्ट नदेऊ। तिनले बटुल्नको निम्ति अन्नहरु छाड़ी राख।’’

**कथक :**''सुन्नुहोस् त्यस बेलुकी रूथले नओमीलाई के भन्दछीन्।''

**रूथ :**''आमा, यी सबै अन्न हेर्नुहोस् जो मैले बोअजको खेतबाट बटुलेर ल्याएर्का छु। यो तपाईंलाई।''

**नओमी :**''छोरी, बोअज नजीकको नातेदार हुन्! हामी दु:खि विधवालाई दया देखाउन भएको छ। परमेश्वरले तिनलाई आशिष देऊन्। यो कटनीको समयमा अरु कुनै खेतहरुमा नजाऊ।

**कथक :**कथाको रहल भाग रूथको किताबबाट छोटकरीमा हेर्नुहोस्। 3 अनि 4 अध्यायलाई बुझाउनलाई दोहोरयाउनु होस्। मदत गर्नेहरुलाई धन्यवाद दिनोस्।

**प्रश्नहरु :**यदि नानीहरुले यो नाटक प्रौढ़हरुलाई प्रस्तुत गरे भने तिनीहरुलाई 2 अध्यायको निम्ति माथि सुचित गरिएका प्रश्नहरु प्रौढ़हरुलाई सोधून।

**चित्र :**स्थानीय ठाउँमा उब्जेको एउटा अन्नको चित्र कोर्नु होस् : नानीहरुलाई नकल गर्न लाउनुहोस्। तिनीहरुको चित्र आराधनाको समयमा प्रौढ़हरुलाई देखाइ देऊन अनि रूथ र बोअजले कसरी तिनीहरुको परिवारको निम्ति वास्ता राखे यसले व्याखा गर्दछ भनि बुझाउन लगाउनु होस्।

परमेश्वरले परिवारका सदस्यहरुलाई हाम्रो वास्ता राख्न कसरी प्रयोग गर्नुहुन्छ अरु उदाहरणहरु छलफल गर्नुहोस्। प्रौढ़ अनि नानीहरुले उदाहरणहरु दिऊन्। यो पनि सोघ्नु होस् परमेश्वरले हामीलाई केको निम्ति महान परिवारको एक भाग बनाउनु भएको छ?

**कविता :**चार नानीहरु प्रत्येकले हितोपदेश 31:10,15,20 र 30 पाठ गरुन्।

रूथ 1:16–17 बाट रूथका शब्दहरु चलाएर ठूला नानीहरुले एउटा कविता वा गीत लेखुन।

एफिसी 6:1–3 कण्ठस्थ गर्नुहोस्।

**प्रार्थना :**''प्रभु, हाम्रा परिवारहरुको निम्ति तपाईंलाई धन्यवाद। तपाईंले जसरी हाम्रो सेवा गर्नु भयो त्यसरी नै हामीले आमा–बुवाको आदर गर्न अनि एकार्काको सेवा गर्नलाई मदत गर्नु होस्। हाम्रा परिवारहरुले तपाईंलाई मुक्तिदाता भनि चिन्न पाऊन।''

# निर्धनको सेवा गर्न गोठालाहरुले डीकनहरु नियुक्त गरे

ईसाई मण्डलीमा दुइ प्रकारका सेवकहरु छन् :

एल्डरहरु अनि डीकनहरु-स्तिफनस अनि फिबी झैं

नानीहरुलाई सिकाउनेले अध्ययन डी. 1 बी. पढ्नु पर्छ।

**प्रार्थना :** "प्रभु येशु, डीकनहरुलाई तपाईंको शरीरमा जीवित पार्नुहोस् अनि तिनीहरुलाई नियुक्त गर्नलाई जसै तिनीहरुले निर्धनलाई सेवा गर्दा उत्साह दिन हामीलाई मदत गर्नुहोस्।"

1. **डीकनहरुलाई नियुक्त गर्न अनि प्रोत्साहन दिनलाई परमेश्वरको वचन सहित तयार हुनुहोस्।**

**प्रेरित 6:1-6 मा पत्तो लाउनु होस्** (उत्तरहरुप्रश्नको पछि छ।)



- एल्डरहरुको मुख्य काम अनि डीकनहरुको मुख्य काम (एल्डरहरुले परमेश्वरको वचनको सेवा गर्छन्, डीकनहरुले व्यवहारिक खाँचोहरु पुरा गर्दछन्।)
- विश्वासीहरुलाई कसरी डीकनमा नियुक्त गरिईन्छ। (मण्डलीले उनीहरुलाई चुन्नेछन् अनि बूढ़ा प्रधानहरुले तिनीहरु माथि हात राख्दछन्)

**प्रेरितहरुले डीकनहरुको बारेमा के विचार गर्थे रोमी 16:1-2 मा पाउनु हुन्छ...**

- एउटी स्त्री डीकन बन्न सकछीन्? (पद-1)
- फिबीको कस्तो किसिमको नाम थियो? (पद 2)
- फिलीप्पीको मण्डलीमा दुइ प्रकारका कार्यकर्त्ताहरु, फिलिप्पी 151-2 मा पाउनु हुन्छ। (एल्डरहरु अनि डीकनहरु)।

**1 तिमोथी 3:8-13 मा पत्तो लाउनु होस्...**

- डीकन चुन्नलाई केहि योग्यताहरु (पद 8-11)
- डीकनहरु जस्ता भएर काम गर्नेलाई केहि इनामहरु (पद 12-13)।

**1 पत्रुस 4:8-11 मा खोज्नु होस्...**

- दुई वर्गका आत्मिक वरदानहरू (बोल्ने र सेवा गर्ने)
- डीकनहरुले येशुको कुन आज्ञा पालन गर्छन् (प्रेम)
- डीकनको कामगर्नेहरूलाई परमेश्वर के दिनुहुन्छ (अनुग्रह अनि शक्ति)

2. **डीकनहरुलाई नियुक्त गर्न अनि प्रोत्साहन दिनलाई, तपाईंका सहकर्मीहरुसित योजना बनाउनुहोस्।**

परमेश्वरले डीकनहरु खड़ा गरुन, जसले निर्धनहरुको सेवा खुशिसित अनि परमेश्वरको शक्ति बाट गर्न सकुन् भनी तपाईका सहयोगीहरुसित प्रार्थना गर्नुहोस्।

विश्वासीहरु तथा समुदायका व्यवहारिक आवश्यकताव्हरूबारे थाहा गर्नुहोस्, जुन आवश्यकताहरुलाई तपाईंको मण्डलीले पूरा गर्नसक्छन्।

यदि तपाईले कुनै विश्वासीबाट शिकायत सुन्नु भयो भने, तब तिनीहरुको समस्यालाई कसरी समाधान गर्न सकिन्छ अनि कसले मदत गर्नुहुन्छ त्यस बारे बसेर बातचित गर्नुहोस्।

मण्डलीको निम्ति तपाईंहरूले गर्दै गरेका व्यवहारिक कुराहरूबारे मिलेर बातचीत गुर्नहोस् कारण तपाईं अनि ताईंका सहकर्मीहरु बाइबलबारे सिक्न, सबै विश्वासीहरूको लागि प्रार्थना गर्न तथा मण्डली कसरी बढ़ाउन त्यसमा सहयोग दिन धरै व्यस्त रहनुहुन्छ।

अरूलाई सहायता गर्ने तपाईहरूमा भएका वरदान एवं उत्कट इच्छाहरूबारे एकसाथ कुरा गुर्नहोस्। नाउँ काढ़ेर ती विश्वासीहरूको निम्ति प्रार्थना गर्नुहोस्।

विश्वासीहरुको अनि समाजका सदस्यहरुको व्यवहारिक खाँचोहरु पुरोगर्नलाई मदत गर्ने दर्शन भएका विश्वासीरुलाई सर्म्पक गर्नुहोस् अनि तिनीहरुसित बातचीत गर्नुहोस्।

होशियार हुनुहोस् : तपाईंको बगैंचामा वा व्यापारमा बिना पैसा काम गर्ने विश्वासीहरु कसरी पाउनु सो बारे योजना बनाउनु होस्।

**3. आउने आराधनाको समयबारे तपाईंको सहकर्मीहरुसित योजना बनाउनुहोस्।**

प्रेरित 6:1-6 मा प्रथम डीकनहरुको कथा सुनाउनुहोस् वा पढ़नुहोस्।

नानीहरुले तयार पारेका व्यंग्य वा प्रश्नहरु प्रौढ़हरुलाई प्रस्तुत गरुन।

नयाँ नियममा डीकनहरुबारे के सिकाउँदछ, जसले निर्धनको सेवा गर्दछ, माथि भाग-1 देखि केहि अंशहरु दर्शाउँदै, विश्वासीहरुसित फेरि हेर्नुहोस्।

प्रेरित 9:36-42 बाट तबीताको कथा सुनाउनुहोस् वा पढ़नुहोस्। प्रभु येशूले कसरी ती, खुशि सित निर्धनको सेवा गर्नेहरुद्वारा आफ्ना लोकहरुको सेवा गर्नु इच्छा राख्नु हुन्छ त्यसबोर कुराकानी गर्नुहोस्।

अन्य विश्वासीहरु द्वारा आफनाहरुलाई कसरी सेवा दिइरहेकाछन्, त्यस बारे विश्वासीहरुलाई साक्षी दिन लाउनुहोस्।

यदि एक विश्वासीलाई एउटा डीकन झै सेवा गर्नलाई ग्रहर्णगर्नु भएको छ भनें, तपाई अनि धर्मगुरुहरुले आराधनाको संगतीमा तिनी माथी हात राखेर प्रार्थना गर्नुहोस्।

प्रभुभोज परिचय दिनलाई मर्कूस 10:34-45 पढ़नुहोस् वा स्मृतिबाट पाठ गर्नुहोस्।

मर्कूस 10:45 एकसाथ कण्डस्थ गर्नुहोस्।

एकार्कालाई उत्साह दिनलाई, क्रियाकलापका योजनाहरु पक्कागर्नलाई, दुइ वा तीन व्यक्तिहरुका स-साना झुण्डहरु बनाउनुहोस्।

# असल तबीता मरिन् अनि फेरि बाँचिन्

नानीहरुले सिक्ने क्रियाकलापहरु कुनै पनि चुन्नुहोस्।

**प्रार्थना :**''प्रिय प्रभु, नानीहरुले तिनीहरुको प्रेम निर्धनको निम्ति व्यवहारिक प्रकारमा देखाउनलाई मदत गर्नु होस्।''

**क्रियाकलाप:**यदि सुबिद्या हुन्छ भने, भोकाएको मानिसलाई भोजन दिंदै गरेको यो चित्रलाई नानीहरुले रंग भरी दिऊन्।

तबीताको कथा प्रेरित 9:32-42 बाट ठूला नानी वा शिक्षकले पढ़ी दिऊन् वा स्मृतिद्वारा सुनाऊन्। यसले प्रथम ईसाईहरुले निर्धनहरुको वास्ता कसरी राख्थे दर्शाउँदछ।

कथा सुनाएपछि, यी प्रश्नहरु गर्नुहोस् (उत्तरहरु प्रत्येक प्रश्नको पछि पाउनु हुनेछ।)



- तबीता कस्ता किसिमका व्यक्ति थिइन्? (पद 36 हेर्नुहोस्)
- तिनको मृत्यु पछि विश्वासीहरुले के गरे? (पद 38 हेर्नुहोस्।)
- कोठामा को रूँदै थिए? (पद 39 हेर्नुहोस्)
- तबीताको बारेमा दु:खि मानिसहरुले के अनुभव गर्दैथिए? (पद 39 हेर्नुहोस्)
- पत्रुसले तबीतालाई मरेको बाट उठाउनअघि, मानिसहरुलाई के गर्न लगाए? (पद 40 हेर्नुहोस्)
- यो आश्चर्य कामको परिणाम के थियो? (पद 42 हेर्नुहोस्)

  निर्धनलाई सेवा गर्ने विषयमा एउटा नाटक गर्नलाई पाठको अभ्यास गर्नु होस्।

- नानीहरुले निर्धनको निम्ति कसरी व्यवहारिक रूपमा प्रेम देखाउनेछन् नानीहरुलाई अभिनय गर्न लाउनुहोस्। यी अंशहरु खेल्नलाई केहि नानीहरुको नाउँ लिनु होस् (तपाईंले सबै भागहरु नगरे पनि हुन्छ)

  **(1) भोकाएकी विधवा**

  **(2) एकलो टुहुरा**

  **(3) दु:खि कैदी**

  **(4) थकित यात्रीहरु**

  **(5) रोगी छिमेकी**

  **(6) हराएको नानी** जसले घरजाने बाटो पत्तो लाउन सकेनन्।

  **(7) विश्वासीहरु** जसले यी निर्धन मानिसहरुलाई भेट्छन्।

- प्रत्येक निर्धन मानिसले विश्वासीहरुलाई तिनीहरुको कष्ट के छ बताउनु छ। तब नानीहरुलाई भन्न लाउनुहोस् कि जब तिनीहरुले साक्षात् यस्त मानिसहरुलाई भेटनेछन् तिनीहरुले के गर्नेछन्।
- यदि नानीहरुले असल उदाहरणहरु याद गर्न सकेनन् भने, यस्ताा विषयहरुमा सल्लाह दिनु होस् :

  (1) विधवालाई खान (भोजन) दिनु।

(2) टुहुराको निम्ति एउटा घर पत्तो लाउनु।

(3) कैदिहरुलाई भेटेर खुशि पार्नु।

(4) यात्रीहरुको निम्ति सुत्नलाई ठाउँ तयार पार्नु।

(5) रोगीहरुको निम्ति प्रार्थना गर्नु अनि वास्ता राख्नु।

(6) हराएको नानीलाई घरमा लगिदिनु।

तबीताको कथाको भागहरु प्रेरित 9:32-42 बाट नाटकमा बोल्नुहोस्।



यो नाटकलाई नानीहरुले प्रस्तुत गर्न मुख्य मण्डलीका अगुवाहरुसित व्यवस्था मिलाउनु होस्।

- यदि समय छ भने, कम विशेषता भएका कथाका भागहरुलाई छोड़ी दिनुहोस्।
- यदि नानीहरु कम्ती छन् भने, तब प्रौढ़हरुको मदत लिनुहोस्।
- प्रत्येकले के गर्नु र बोल्नु नसिकेसभ्म अभ्यास जारी राख्नुहोस्।

- बाइबलमा भएका व्यक्तिहरुका शब्दहरु अनि अभिनयहरु अभिनेताहरुले भनुन र गरुन, जब कथक कथाका ती भागहरुमा आइ पुग्ने छन्।
- ठूला नानीहरुले सानाहरुलाई तयार गर्नमा मदत गरुन्।
- ठूला नानीहरु वा प्रौढ़हरुले पत्रुस, कथक अनि तबीताको पाठहरु गरुन्। तबीतासित सियो, धागो र लुगा छ भन्ने जस्तो बहना गरुन्।
- किशोर बालकहरुले जोप्पामा भएको चेलाहरु अनि विधवाहरुको पाठ खेलुन्।

**कथक :**तबीताको कथा प्रेरित 9:32-42 देखि पढ़नु वा स्मृतिद्वारा सुनाउन्। त्यसपछि भन, ''सुन्नुहोस् तबीताले विधवाहरुलाई के भन्दछ।''

**तबीता :**भन्दछीन्,''हेर्नुहोस्, मित्रहरु मैंले यो लुगा तपाईंहरुको निम्ति सिलाएकी छु। तपाईंहरुलाई दर्कार छ भनी मलाई थाहा थियो।''

**विधवाहरु :** ''अहो, धन्यवाद तपाईंलाई, तबीता!'' ''खाँचोमा परेकाहरुसित तपाई अतिनै दया देखाउनु हुन्छ।''

**तबीता :**शिर पक्रेर भूँईमा लड़नु। त्यसपछि भन, ''म विमारी भएं। मलाई आराम गर्नु खाँचो छ।'' लमत्तन्न पर्नु)

**चेलाहरु :**पत्रुस कहाँ जान्छ, भन, ''पत्रुस, आउनुहोस्! तबीता मरिहालिन्।''

**पत्रुस :**हत्तारिदै तबीताको वरीपरी रूँदै गर्ने विधवाहरुकहाँ जानु। विधवाहरुलाई कोठा छोड़नलाई विन्ति गर्नु। तबीतालाई फर्काइ ल्याउन प्रार्थना गर्ने। त्यस पछि भन, ''तबीता उठ!''

**तबीता :**खड़ा हुन्छिनअनि चारै तिर हेर्छिन्।

**कथक वा ठूला नानी :** सहयोग गर्ने सबैलाई धन्यवाद।

**पावल–तिमोथी बालकहरुको अध्ययन–प्रेम, डी. 1 बी.**



यदि यो नाटक नानीहरुले प्रौढ़हरुका निम्ति गर्दछन् भने नानीहरुले प्रौढ़हरुलाई माथि सुचित गरेको प्रश्नहरु साधुन्।

नानीहरुलाई नकल गर्न लाउनलाई एउटा पोशाकको चित्र बनाउनुहोस्।

तिनीहरुले यो चित्र आराधनाको समयमा प्रौढ़हरुलाई देखाई दिऊन अनि बुझाउन लाउनुहोस् कि तबीताले निर्धन मानिसहरुलाई मदत गर्थीन भनेर यस चित्रले दर्शाउँछ।

नानीहरुलाई सोध्नु होस् : हामीले खाँचोमा भएकाहरुलाई अरु कुन प्रकारले मदत गर्न सक्छौं ? नानीहरु अनि प्रौढ़हरुले उदाहरणहरु दिऊन्।

कविता। चार जना नानीहरु प्रत्येकले एक पद गरी हितोपदेश 11:16, 24 25 र 28 देखि पाठ गरुन्।

मत्ती 25:40 कण्ठस्थ पार्नुहोस्।

निधर्नहरुलाई सेवा गर्नेबारे ठूला नानीहरुले कविता गीत वा नाटक लेखुन्।

**प्रार्थना :**''प्रभु, टुहुराहरुको वास्ता गर्न हामीलाई मदत गर्नुहोस्, विधवाहरु अनि खाँचोमा परेका सबै मानिसहरुको तपाईंले मदत गर्नुहोस्। तबीताले गरे झै हामीले पनि कसरी तिनीहरुको सेवा गर्ने देखाइ दिनुहोस्।''

# मण्डलीहरु अनि झुण्डहरुका क्षेत्रीय परियोजनाहरुमा सहयोग गर्नु

नानीहरुलाई सिकाउनेले अध्ययन आई. 1 बी. पढ्नु पर्छ।

नहेम्याहले इस्राएली जातीहरुलाई यरूशलेमको पर्खाल बनाउनलाई संगठन गरे, प्रत्येक कुलले आ-आफ्नै क्षेत्रको जिम्मेवारी लिएका थिए। तिनले पहिले भत्केका पर्खालहरुको निरक्षण गरे अनि योजनाहरु बनाए अनि सुरक्षा सेनाको प्रबन्ध गरे।



## 1. परमेश्वरको वचन अनि प्रार्थनासित आफैलाई तयार पार्नुहोस्

**प्रार्थना :**"प्रिय परमेश्वर, हाम्रा मण्डलीहरुलाई हाम्रो क्षेत्रमा एक साथ मिलेर काम गेर्न प्रेरणा दिनलाई यस अध्ययनलाई प्रयोग गर्नुहोस्।

यरुशलेमको शहरलाई अघाड़ी के भएको थियो अनि किन 2 इतिहास 36:15-23 मा पत्तो लाउनु होस्।

बेबिलोनमा बन्धुवा परेका इस्राएलीहरु 70 वर्ष पश्चात फारसका राजा कोरेसको सहयोगमा घर तर्फ फर्कन लागे। नहेम्याहले यरूशलेमका पर्खालहरु मरम्मतको काम प्रारम्भ गर्नलाई 6 वटा कदमहरु चाले।

**कदम 1** खाँचो अनि परियोजनालाई स्पष्ट पार्नु। नहेम्याहले यरुशलेममा कष्टहरुलाई कसरी सामना गरे नहेम्याहको किताब 1 अध्यायमा पाउनु हुन्छ।

- नहेम्याहले सर्वप्रथम यरुशलेममा भत्केका पर्खाल बारे सोधपुछ गरेर पत्तो लगाए। तिनले समाचार सुनपछि कसरी प्रतिक्रिया जनाए? (पद 4 हेर्नुहोस्)
- नहेम्याहले तिनका मानिसहरुका पापहरु स्वीकार गरे किनभने तिनको देशमा धेरै विपत्तिहरु ल्याएका थिए। तिनले कसका पापहरु पनि सम्मिलित गरे? (पद 6 हेर्नुहोस्)

**कदम 2.** जसै तपाईंले वास्तविकताहरु पत्तो लाउनु हुन्छ, बुद्धिको निम्ति प्रार्थना गर्नुहोस्। नहेम्याहले इस्राएलका मानिसहरुलाई मदत गर्नलाई तिनी आफैलाई कसरी तयार पारे अध्याय 2 मा पाउनुहुनेछ।

**कदम 3.** असल स्पष्टरूपमा जिम्मेवारीहरु सुम्पनु। नहेम्याहले एउटा निर्दिष्ट कामलाई कसरी संचालन गरे, जसमा प्रत्येकले आ-आफ्ना योग्यतानुसार हिस्सा लिएका थिए, अध्याय 3 मा पाउनु हुन्छ।

**कदम 4.** विरोधीसित कसरी भिड़े अध्याय 4 मा पाउनु हुन्छ। (तिनले प्रार्थना गरे, प्रत्येकले मेहनतसाथ काम गरे। कमजोर क्षेत्रहरुलाई ध्यानमा राखे। कार्यकर्त्ताहरुलाई परमेश्वरमा भरोसा गर्न विन्ती गरे अनि आफ्ना भागहरु गर्न लगाए। तिनले अनि तिनका मानिसहरुले सम्पूर्णको उदाहरण बसाए।)

- यी ईसाई नेताहरुले परमेश्वरका मानिसहरुमा न्याय कसरी ल्याए अध्याय 5 मा पाउनु हुनेछ।

- नहेम्याहले के अन्याय गरे अनि मानिसहरुले स्वेच्छापूर्वक बन्द गरे ? 7 अनि 15 हेर्नुहोस्।

**कदम 5.** झूट अनि निन्दाको विरुद्ध स्थिर बस्नु। नहेम्याहको अनि कायकर्त्ताहरुको दृढ़ प्रयत्नले यो परियोजनामा परमेश्वरलाई कसरी महिमीत तुल्याए।

- नहेम्याहले शत्रुहरुद्वारा गरीएका धम्की वा वाधाहरुलाई कसरी टारी दिए ? पद 11-14 हेर्नुहोस्।
- पर्खाल भत्किएको प्राय 100 वर्ष भएको थियो। परमेश्वरको मदतले पर्खाल कति दिनमा निर्माण गरी सके ? पद 15 मा हेर्नुहोस्।
- इस्राएलको परमेश्वरबारे तिनीहरुका शत्रुहरुलाई, यसले के सिकायो ? पद 16 हेर्नुहोस्।

**कदम 6.** पूरा गरीएको परियोजनाको निम्ति परमेश्वरलाई महिमा दिनु। ती आशिषहरु जो परमेश्वरले आफ्ना लोगहरुमाथि खनाउनुभयो नेहम्याह 8:2-12, अनि 9:1-5 मा पाउनु हुनेछ।

**2. हप्ताभरी गरीने विषयहरुको योजना सहकर्मीहरुसित बनाउनुहोस्।**

स्थानिय रिवाज अनि खाँचोहरुलाई सुहाउने क्रियाकलापहरु चुन्नुहोस्।

- अन्य ठाउँहरुमा भएका मण्डलीहरु अनि समाजका खाँचोहरुलाई पत्तो लाउन, प्रश्नहरु सोध्नु होस्।
- अरु बगालका अगुवाहरुसित एक साथ कामगर्ने योजना बनाउन अनि अरु खाँचो परेका ठाउंहरुमा सहायता पुर्‍याउनलाई यो गर्नुहोस्।
- परमेश्वरको निम्ति महान परियोजना पूरा गर्न अनि परिचालन गर्नलाई नहेम्याहका कदमहरु पैल्याउनुहोस्।

**3. आउनेवाला उपासनाको समयको सहकर्मीहरुसित योजना गर्नु होस्।**

प्रसंगमा मिल्ने क्रियाकलापहरु चुन्नुहोस्।

आराधनाभरि प्रार्थना गर्नुहोस्। परमेश्वरलाई पाप स्वीकार गर्नुहोस् अरु खाँचोहरु तपाईलाईं देखाइ देऊन भनी उहाँलाई विन्ती गर्नुहोस्। विभिन्न बगालहरुबाट ईसाईहरु एक हुनलाई परमेश्वरलाई प्रार्थना गर्नुहोस्, जसमा तिनीहरु एकसाथ मिलेर उहाँको सेवा गर्नसकून।

बंगालदेखि बाहिर भएका मानिसहरुका खाँचोहरुमा ईसाईहरुले एक साथ सेवा गर्ने तरिकाहरुको निम्ति परमेश्वरलाई प्रशंसा दिनुहोस्। गत् सप्ताह गरेका कामहरुको अनुवेदन लिनुहोस् वा गवाही को निम्ति आग्रह गर्नुहोस्।

नहेम्याहको कथाका भागहरुलाई सुनाउनुहोस् वा अभिनय गर्नुहोस्। तपाईंले यस अध्ययनलाई धेरै हप्ताहरु सम्म बढ़ाए हुन्छ।

नहेम्याह अध्याय 1 अनि 2 लाई सुनाउन एउटा सहयोगी तयार पार्नु होस्। पहिलेबाटै प्रत्येकलाई सुन्नलाई अनि नहेम्याह ले उसको मानिसहरुको खाँचो जान्न अनि कामको निम्ति आफैलाई तयार पार्नलाई लिएका कदमहरु सिक्ने आग्रह गर्नुहोस्। कथा सुनाइ सकेपछि, विश्वासीहरुलाई प्रश्न गर्नुहोस् कि तिनीहरुले के पत्तो लगाए। (उत्तरहरु भाग-1 मा पाइन्छ।)



परियोजनालाई विरोध गर्नेसित नहेम्याहले गरेको व्यवहारको तरीकालाई नाटकीय रूप दिनुहोस्।

**नहेम्याहः**हामीलाई शहरका पर्खालहरु मरम्मत गर्नलाई परमेश्वरले सहायता गर्नुहुनेछ।''

**सम्बलत :**नहेम्याहको पछि पछि लाग्छ, अचानक दौड़िन्दछ। भन, ''तिमीहरुको काम बन्द गर। यो अति भइ सक्यो।''

**नहेम्याह :** ''परमेश्वरले मलाई यो काम पूर्ण गर्नलाई दिनु भएको छ। गइहाल।''

**सम्बलत :**''तिमीहरु कहिल्यै सफल हुनसक्दैनौं। हामीसित आऊ।''''हामीलाई एउटा विशेष सभामा तिमीहरुको दर्कार छ।''

**नहेम्याह :**''हामीले महान काम गर्दैछौं। म बन्द गर्न सक्दिन। हामी सभामा जानलाई काम किन बन्द गर्ने ?

**सम्बलत :**''तिमीले ज्यादै जोखिम लिंदैछौं।''

**नहेम्याह :**''परमेश्वरलेनै हाम्रो रक्षा गर्नुहुन्छ।''

नानीहरुले प्रौढ़हरुको निम्ति तयार पारेका कविता, नाटक अनि प्रश्नहरु प्रस्तुत गर्न लाउनुहोस्।

प्रभुभोज परिचय दिनलाई नहेम्याह 2:1-5 पढ़नुहोस्। बुझाउनुहोस् कि नहेम्याहले राजालाई एउटा कचौरा ल्याइदिए, तर जब हामी प्रभुको टेबलमा आउँछौं, हाम्रा राजा येशूले हामीलाई उहाँको कचौरा ल्याउनुहुन्छ। उहाँको रगतले हामा पापहरुको क्षमा हुँदछ अनि हाम्रा राजा परमेश्वरसित हाम्रो सम्बन्ध बनाउनुहुन्छ।

हप्ता भरी गरीने, तपाईंले बनाउन भएको क्रियाकलापको योजनालाई, प्रार्थना गर्न अनि मानिसहरुलाई संगठन गराउन, जसमा तिनीहरुले एकसाथ मिलेर परि आउने जुनसुकै चुनौतीलाई सामना गरेर सेवा गर्न सक्नलाई, घोषणा गर्नुहोस्।

**2. इतिहास 7:14 एकसाथ कण्डस्थ गर्नुहोस्।**

दुइ वा तीनको झूण्ड बनाएर एकार्कालाई मदत गर्नुहोस्। प्रार्थना गर्नुहोस्, अन्य मण्डलीहरु सित परियोजनाहरुमा काम गर्नलाई अनि एककार्कालाई प्रोत्साहन दिन योजनाहरु पक्का गर्नुहोस्।

# यरुशलेममा भएका गरीब ईसाईहरुलाई ग्रीसमा भएका ईसाईहरुले मदत गरे

जहीं पनि भएका मानिसहरुको खाँचोहरु पूरो गर्न नानीहरुलाई सिकाउनुहोस्



**प्रार्थना।** ''प्रिय प्रभु, जब हामी एकसाथ मिलेर खाँचोमा परेकाहरुलाई मदत गर्न काम गर्दछौं हामीलाई बुद्धिमानी अनि उदार बन्नमा सहायता गर्नुहोस्।''

नानीहरुको उमेर अनि खाँचोहरुमा मिल्ने नानीहरुको सिक्ने क्रियाकलापहरुमा कुनै पनि चुन्नुहोस्।

कोरिन्थीकाहरुले ख्रीष्टमा भएका गरीब भाईहरुअनि बहिनीहरु लाई कसरी सहयोग पुराएका थिए ठूला नानी वा शिक्षकले भनीदिऊन।

**पृष्टभूमि :**यरुशलेममा विश्वासीहरु अनिकालको कारणले भोकै छन् भनि जब पावलले सुने तिनी एक प्रचारकको रूपमा सेवा गर्दै थिए। ती मानिसहरुलाई मदत गर्नको निम्ति अरु शहरका विश्वासीहरुलाई विन्ति चढ़ाए। तिनीहरुको यो दिने परियोजना ठूला थियो, अनि धेरै मण्डलीहरुले धेरै समय सम्म पैसाहरु संग्रह गरे। विश्वासीहरुले यरुशलेममा भोकाएका ईसाईहरुको खाँचोहरुको निम्ति सही व्यक्तिले लाने अनि प्रबन्ध मिलाउने पनि निश्चय गरे।

प्रेरित पावलले कोरिन्थीका मण्डलीलाई तिनीहरुले भेटी कसरी उठाउनेबारे के लेखका थिए सुनाउनुहोस वा 1 कोरिन्थी 16:1-4 पढ़नुहोस्। त्यसपछि सोध्नुहोस्।

- कोरिन्थीमा भएको बाहेक अन्य मण्डलीहरुले गरीबहरुको निम्ती के दिए? (उत्तर : पद 1 हेर्नुहोस्।)
- तिनीहरुको कुन तरीकाले जम्मा गर्दथे? (पद 2)
- के तिनीहरुले आफ्नो केहीहरु एकै पटकमा दिने गर्थे? (पद 2)
- पैसा कसरी पठाउने भनी मण्डलीले कसरी हेरविचार गर्थे?
- पावलको विचारमा यो भेटी कति महत्वको थियो? (पद 4 पावल नयां मण्डली स्थापना गर्नमा व्यस्त थिए, तरै पनि तिनले यरुशलेममा ती कष्ट पाएकाहरुको निम्ति वास्ता राख्नलाई समय निकाले अनि भेटीहरुको सदुपयोग हुनलाई निश्चय गर्थे।)

पावलले कोरिन्थीकाहरुलाई दिने बारेमा के भनेका थिए, विश्वासीहरुले कसरी तिनको विनयलाई प्रतिक्रिया देखाए बुझाउनु होस।

- पावलको दोस्रो पत्रमा कति विश्वासीहरुले उदारचित्तले दिइ रहेका छन् भनी उल्लेख गरेका छन् (2 कोरिन्थी 8, पदहरु 1-7 अनि 19-21)
- ग्रीसको उत्तरीय प्रान्तको सानो शहर म्यासिडोनियामा अनि गरीब विश्वासीहरुले त्यागको साथ दिए।
- गरीब म्यासिडोनियाकाहरुले दिन सकुन भनी प्रेरितहरुलाई विन्ती गरे।
- कोरिन्थीकाहरुले प्रत्येक हप्ता थोरै गरेर दिंदथे, अनि यरुशलेममा लैजानलाई अलगै छुटाएर राख्दथिए।
- यरुशलेममा तिनीहरुको भेटी लैजाने विश्वासयोग्य मानिसहरुको नाउँ प्रस्तावना गर्न तिनीहरुलाई भनियो।
- भेटीको उद्देश्य भोकाएका मानिसहरु खुवाउन मात्र थिएन तर परमेश्वरको पनि महिमा गर्नलाई थियो।

''महान भेटी'' का कथाको भागहरुलाई नाटकमा हाल्नुहोस्।ठूला नानीहरुले सानाहरुलाई सहयोग गरुन्।

- नाटकलाई नानीहरुले प्रस्तुत गर्नको निम्ति मण्डलीको अगुवाहरुसित व्यवस्था मिलाउनु होस्।
- ठूलो नानीहरु वा प्रौढ़हरुले कथक, पावल, तितस अनि शत्रुका पाठहरु गरुन। कथकले कथालाई छोटकरीमा बताउन अनि नानीहरुले के भुन्न र गर्नु संझना गराउनमा सहयोग गरुन्।
- साना नानीहरुले गरीब मानिसहरु, कोरिन्थीकाहरु अनि म्यासिडोनियाकाहरुका भागहरु गरुन्। कोरिन्थीकाहरुको साथमा मसिनो ढुंगा वा सिक्काहरु भेटीको निम्ति राख्नु पर्छ।

**कथक :**कथाको पहिलो भाग भन्नुहोस् (पावलले 1 कोरिन्थी 16:1-4 मा लेखको) त्यस पछि भन्नोस, ''सुन्नुहोस्, यरुशलेमका गरीब मानिसहरुले के भन्दछन्।''

**गरीब मानिस :**''हाम्रा अन्नहरु उब्जेनन्।'' ''अबको एक वर्ष भित्रमा हामीहरु भोकले मर्नेछौं।'' ''परमेश्वरले हामीलाई अनुग्रह गरुन्।

**कथक :**''त्यही समयमा टाड़ो कोरिन्थनीमा सुन्नुहोस्, ईसाईहरुलाई पावलले के भन्छन्।''

**पावल :**''यरुशलेममा जो जति भोकैछन्, तिनीहरुलाई हामीले मदत गर्नेपर्छ। प्रत्येक हप्ता केहि पैसाहरु जम्मा गरी छुट्याउनुहोस्, अनि आइतबार भेटी स्वरूप टक्रयाउनु होस्। केहि समय पछि म आउने छु र भेटी त्यहाँ लैजानेछु।''

**कथक :**''सुन्नुहोस् येशूको शत्रुले त्यसको दुष्ट सहकर्मीहरुलाई के भन्दछ।''

**शत्रु :**''अरे होइन ! मण्डलीहरुले सहायता गर्दैछन्। यनीहरुलाई एक जुटमा काम गर्नदेखि रोक्नै पर्छ। यिनीहरुले धेरै-धेरै सहयोग एकार्कालाई गरीरहेछ। हामीले यिनीहरुलाई निरुत्साहित गर्नै पर्छ।''

**कोरिन्थी :**भेटी संग्रह गर्नलाई बाकस चारै तिर घुमाउँछन्। यसरी भन्नोस्, ''हामीले हप्तै पछि अलि अलि मदत गर्न पाउदाँ मलाई आनन्द लागी रहेछ।'' म प्रत्येक दिन एउटा अण्डा छुटाएर राख्छु अनि बेच्छु। त्यो पैसा यहां भेटीको निम्ति ल्याएको छु 'मैले केहि शालहरु बनाएर बिक्री गरें।''

**शत्रु :**रिसले खुट्टा बजार्दै। भन, हामीले तिनीहरुलाई यति ठूलो भेटी संग्रह गर्ने कामलाई असफल तुल्याउन सकेनौं। त्यसोभए, अब तिनीहरुलाई पैसाहरुको मामलामा लापरवाह बनाउनमा परिक्षा गर्न पर्छ। जसले पैसा यरुशलेम लाँदैछ त्यस भित्र शंका हालीदिने छु। तिनीहरुले त्यहाँबाट केहि चोरेर राख्न सकोस्।''

**कोरिन्थीहरु :**दुइ व्यक्तिहरुलाई देखाउँदै, अनि भन्छन्, ''तिमी दुईले रुपिया-पैसाको जिम्मवारी लिनेछौ।'' ''तिमीहरुले पैसा लैजानलाई, हामी भरोसा गर्छौं।'' ''हरेक कुराको ठिक हिसाब किताब होशियारी साथ राख्नुहोस्।''

**कथक :**कथाको दोस्रो भाग भन्नु होस्, '' धेरै समय पछि पावल म्यासिडोनियामा आए। सुन्नुहोस्, म्यासिडोनियाकाहरुले तिनलाई के मन्दछन्।'' ''हामीलाई पनि कोरिन्थीहरुले गरे झै भेटी दिनलाई मौका दिनुहोस्।''

**पावल :**तिमीहरुको उदारता अनि बलिदानमा परमेश्वरले आशिष दिऊन्। तिमीहरुको भेटी लिनलाई म तितसलाई पठाउनेछु।''

**कथक :**तितसले पनि कोरिन्थीहरुलाई भेट गर्दछ। सुन्नुहोस्, तिनले के भन्दछ।''

**तितस :**सारा मण्डलीले एक साथ मिलेर शुरू गरेको यो महान परियोजना पूरा गर्नलाई तपाईंहरु आनन्दित हुनुहुन्छ। म यहाँ अरु भरोसा पर्न सक्ने भाईहरु कहाँ भेटीको निम्ति आएकोछु। यरुशलेममा पैसा लैजानको निम्ति आएको छु। यरुशलेममा पैसा लैजानलाई मसित जानलाई तपाईंहरुसित मानिसहरु तयार छन्?

**कोरिन्थीहरु :**''यरुशलेममा भएका मानिसहरुलाई मदत गर्न हामी हाम्रो काम गर्न चाहन्छौं।'' ''यी दुइ व्यक्तिहरु

विश्‍वसनीय छन्। तिनीहरु तपाईंसित जानेछन्।'' (गरीब मानिसहरु कहाँ जानु अनि तिनीहरुलाई भेटी थमाई दिनु।)

**गरीब मानिस :** ''अहो, हामी परमेश्‍वरलाई धन्यवाद दिन्छौं। अब हामी भोकै मर्ने छैनौं।''

**शत्रु :**''हामी चुक्यौं। तिनीहरुले शंकालाई हटाउनलाई बड़ो बुद्धिमानसित रुपियाँ-पैसालाई प्रयोग गरे। म अझै कोशिष गर्नेछु।''

**कथक :**सहायता गर्ने सबैलाई धन्यवाद।

यस अध्ययनको प्रारम्भमा राखिएका प्रश्‍नहरु नानीहरुले प्रौढ़हरुलाई सोधून्।

**छलफल :** परमेश्‍वरको सेवा गर्नलाई मण्डलीहरुले एकसाथ मिलेर अरु के गर्न सक्छन भनी परियोजनाहरुको अरु उदाहरणहरु के हुन सकछ?

ठूला नानीहरुले पैसाको हर हिसाब राख्ने खाता 'आय' र 'व्यय' को कोठा भएको बनाउन लगाउनुहोस्।

- आय (आमदानी) को मुनी ती थोकहरुको नाउँ र बिक्रि गरेर कमाएको पैसाको गरीबहरुलाई दिन लेख्नुहोस्।
- व्यय (खर्च) को मुनि गरीबहरुलाई दिन किनेका सामग्रीहरुको नाउँ अनि खर्चलागेका पैसाको हिसाब लेख्नु होस्।

साना नानीहरुलाई एउटा हातले रूपियाँ समातेको चित्र बनाउनलाउनुहोस् (माथिको चित्र हेर्नुहोस्)

नानीहरुले चित्रलाई आराधनाको समयमा प्रौढ़हरुलाई देखाऊन र मण्डलीहरुले एकसाथ मिलेर बुद्धिमानी अनि उदारतासित खाँचोमा परेका मानिसहरुलाई कसरी सहयोग गरे यो चित्रले देखाउँदछ भनी बुझाउन लाउनुहोस्।

1 कोरिन्थी 9:9 कण्डस्थ पार्नुहोस्।


कविता। चार नानीहरु प्रत्येकले एक एक पद गरी हितोपदेश 24:3-6 पाठ गरुन्।

**प्रार्थना :**''प्रभु, तपाईंले हामीलाई धेरै असल थोकहरु दिनु भएकोछ। ती खाँचोमा परेका मानिसहरुलाई अनि टाड़ा टाड़ा सम्म तपाईको सुसमाचार पुर्‍याउने जनहरुलाई हामी दिन चाहन्छौं। हाम्रा धन-सम्पत्तिले तपाईलाई आदर गर्न भनी एकसाथ मिलेर काम गर्नमा हामीलाई मदत गर्नुहोस्।

# असल सामरी

## रोगी, दु:खी अनि हेलितहरुको सेवा गर्ने

नानीहरुलाई सिकाउनेले अध्ययन सी. 4 बी. पढ्नु पर्छ।




धेरै मानिसहरु किन गरीब अनि कष्टहरुमा हुन्छन् ? एउटा कारण हो दुष्ट आत्माले मानिसहरुलाई झूटो बात सुनाउँछ, यदि मानिसले पाप गर्ने इच्छा गर्दछभने तिनीहरुले यी झूटहरुलाई विश्वास गर्दछ। दुष्ट आत्माले हामीलाई लोभी, अनैतिक अनि कुटिल बनेको चाहन्छ। तर येशूले मानिसहरुलाई यी पापहरु अनि झूटबाट स्वतंत्र गर्न सक्नु हुन्छ। उहाँले हाम्रा हृदयहरु परिर्वतन गर्न सक्नुहुन्छ अनि हामीलाई नयाँ मन र इच्छाले भर्नु हुन्छ अनि त्यसले पाप गर्न चाँहदैन्।

**1. हाम्रा हृदय अनि मनलाई परमेश्वरको वचनले तयार पारौं।**

हाम्रो यो अध्ययनको उदेश्य खाँचोमा परेकालाई सेवा गर्नलाईं हो । तपाइ अनि तपाईंको बगालले खाँचोमा परेकालाई साँचो प्रेम गर्न सकून भनी परमेश्वरसित विन्ति गनुहोस्–जसले प्रेम र असल कामहरु गराउँदछ।

वास्ता गर्ने सामरीले कसरी व्यवहारिक प्रेम देखाए लूका 10:25–37 मा पाउनुहुन्छ।




(उत्तरहरु : सामरीले एउटा घायते यात्रीप्रति वास्ता गरेर व्यवहारिक प्रेम दर्शाए। जसले यसप्रकारले विश्वासलाई अभ्यास गर्दछ ती विश्वासीहरुलाई, अनन्त जीवनको प्रतिज्ञा येशूले गर्नु भएको छ।)

यस्तै प्रकारले गर्नेलाई येशूले के प्रतिज्ञा दिनुभयो ?

(उत्तर : लूका 10:25 सित पद 47 दँजाउनु होस्।)

1 यूहन्ना 3:17–18 कण्डस्थ गर्नुहोस्।

**2. तपाईका मानिसहरुले अर्को हप्ता गर्नुपर्ने क्रियाकलापहरुको योजना तपाईको सहकर्मीहरुसित बनाउनुहोस्।**

तपाईका योजनाहरु एउटा कागजमा लेख्नुहोस् अनि अर्को उपासनाको समयमा मण्डलीहरुलाई घोषणा गर्नुहोस्। तपाईंको योजनाहरु स्पष्ट बनाउनुहोस्। अत्ति खाँचोमा परेका मानिसहरु पत्तो लाउने योजना बनाउनुहोस्। अनि गलाती

6:10 मा झैं तिनीहरुको सेवा गर्नुहोस्, ‘‘अब मौका हुँदानै सबै मानिसकतर्फ, खास गरेर विश्वासीका घरानातर्फ भलाईको काम गरौं।’’

**3. आउने दिनको उपासनाको समय सहकर्मीहरुसित मिलाउनुहोस।**

समाजमा कष्टजनक खाँचोमा परेका मानिसहरुको निम्ति उपासनाको समयमा प्रार्थना गर्नुहोस्।

आत्मिकी विजयको निम्ति परमेश्वरको प्रशंसा गर्नुहोस्। गत् साता गरेका कामहरुको प्रतिवेदन वा साक्षीको निम्ति सोध्नु होस्।

लूका 10:25–37 लाई छोटकरीमा व्याखा गर्नुहोस्। असल सामरीको येशूको वर्णनलाई भन्न एक सहयोगी तयार पार्नुहोस्। दुइ विषयहरु पत्तो गर्नलाई, प्रत्येकले राम्ररी सुनुन भनि पहिलेबाटै आग्रह गर्नुहोस् :

(1) वास्ता गर्ने सामरीले कसरी व्यवहारिक प्रेमको प्रमाण गरे।

(2) यस्तै प्रकारले गर्नेहरुलाई येशूले के प्रतिज्ञा गर्नुभयो।

त्यसपछि, तिनीहरुले के पत्तो लगाए भनी विभिन्न व्यक्तिहरुलाई सोध्नुहोस्। (यी प्रश्नहरुको उत्तर पृष्ट 4 को तल्लो भागमा पाउनु हुनेछ।)

हाम्रा हृदयहरुलाई जाँच गरौं, हाम्रा पापहरु स्वीकार गरौं अनि प्रभुभोज मनाऊँ। प्रभुभोज परिचय गर्नलाई तपाईंले वा सहयोगीले 1 कोरिन्थी 10:16–17 पढ्नुहोस्। त्यसपछि बुझाउनु होस कि हामी येशूको शरीरमा सम्भागी बनेका छौं। परमेश्वरको वचन, देह बनेर हाम्रो बिचमा वास गर्नुभयो। उहाँ बेतलैहममा जन्मनुभयो, जहाँ बोअजले एकपल्ट जौ उस्जाएका थिए। ‘बेतलेहेम’ को अर्थ ‘रोटीको घर’। यहाँ येशू देह अनि रगत बन्नु भयो, यसैले उहाँ हाम्रो निम्ति जीवनको रोटी हुन सक्नु भयो।

परमेश्वरको वचनलाई प्रयोग गर्नुहोस्। रोजाइहरु :

**रोजाइ 1**। असल सामरी। प्रौढ़ अनि नानीहरुले लूका 10:15–36 बाट कथालाई एक साथ अभिनय गरुन्। स–साना नानीहरुले चोरहरुको पाठ गरुन् जसले यात्रीलाई लुट्दछन्। एक जना प्रौढ़ले गधाको भाग गरुन।

**रोजाई–2**। श्री प्रथा। कसैले ‘श्री प्रथा’ को भाग गरुन। तिनलाई सोध्नु होस् कतै तिनी सामरी सित सहमत छन् कि। तिनले बहस गर्दछ कि तिनीहरुले येशूको खातिर, आत्माहरु जित्नलाई पूरा समयहरु दिनु पर्दछ, अनि सामाजिक सेवाहरुमा समय फाल्नु हुँदैन। तिनलाई उत्तर दिनलाई मानिसहरुलाई भन्नुहोस्। यदि तिनीहरु लजाउँछन् भने तपाई आफैले सुधार्नु होस्, तपाईंको आफ्नै शब्दहरुमा, येशूले हामीलाई के गर्नु भन्नु भएको छ बुझाउँदै भन्नु होस्। रोजाई 3 भेड़ाहरु अनि बाख्राहरु। भेड़ा अनि बारख्राको उखानबाट नाटक गर्नुहोस्, मत्ती 25:31–46 मा पाउनू हुन्छ।

**कथक (प्रौढ़)** :राजा, भेड़ा वा बाख्राहरुबाट नबोलेका भागहरु पढ्नु होस्।

**राजा (प्रौढ़)** :राजाका शब्दहरुलाई स्मृतिद्वारा भन्नुहोस वा पढ्नुहोस्

**भेड़ा (नानीहरु)** :भेड़ाका शब्दहरु एउटा नानीले मुखस्त सुनाउन वा पढ़ीदिऊन्।

**बाख्राहरु (नानीहरु)** :बाख्राहरुको शब्दहरुलाई एउटा नानीले स्मृतिबाट सुनाउन वा पढ़न लाउनुहोस्।

**रोजाई 4। शैतानका धम्कीहरुको खण्डन गर्नुहोस्।** तपाईले यी दुई कविताहरुलाई दुई व्यक्तिहरुको निम्ति पाठ गर्न वा पढ़नलाई चुन्नुहोस्।

**पावल–तिमोथी गोठालाको अध्ययन–प्रेम, सी. 4 ए.**

**वक्ता=1, गिल्ल गर्ने स्वरमा :**

प्रेतहरुले ईर्ष्यालाई उत्तेजित पार्न चाहन्छ।

यस्तो तितोपन! कसरी गर्ने मानिसले शिकायत!

पैसालाई लोभी हातहरुले अँठयाउँदछ।

स्वार्थ लाभको निम्ति बिक्रि गर्दछन् आत्मा तिनीहरुको।

**वक्ता=2**

शैतानलाई त्यसको अग्नि वाण मिलाउन देओ,

त्यसको धनुमा 'निन्दा' को।

छ हाम्रो अस्त्र बलियो अनि चर्कने छैन्।

सशक्त मुक्कामा स्थिर रहन्छ विश्वास हाम्रो!

हप्ता भरी खाँचोमा परेकाहरुलाई मदत गर्ने क्रियाकलापहरुको योजना घोषणा गर्नुहोस्, तपाईंका मानिसहरुले मदतको खाँचोमा परेका मित्रहरु वा छिमेकीहरु को उल्लेख गर्नदिनु होस्, अनि भन्न लाउनु होस् कि तिनीहरु के गर्न चाहन्छन् अनि को को मिलेर कामगर्न चाहन्छन अनि निर्णय गर्नमा मदत गर्नुहोस्। योजना पक्का गर्नुहोस्। एकार्कालाई उत्साह दिन अनि योजनाहरु पक्का गर्न प्रार्थना गर्नुहोस्। दुइ वा तीनको झुण्ड बनाएर एकार्कालाई मदत गर्नुहोस्।

# अरुलाई मदत गर्नु

असल सामरीले अपरिचित व्यक्तिलाई मदत गरे

**प्रार्थना :**''हाम्रा बुवा, हामीले असल तरीकाले हाम्रा खाँचोमा परेका छिमेकीहरुलाई प्रेम गर्नलाई मदत गर्नुहोस्।''

तपाईंका नानीहरुको पृष्टभूमि अनि स्थानीय चलन भा सुहाउँदो क्रियाकलापहरु चुन्नुहोस्। हामीले अरुलाई नचिने तापनि वा मन नपराए तापनि ती मानिसहरुलाई कस्तो प्रकारको व्यवहार गरेको परमेश्वरले चाहनुहुन्छ लूका 10:25-37 मा पाउनु हुन्छ।

- असल सामरीको कथा लूका 10:25-37 बाट शिक्षक वा ठूला नानीले भन्नेछ।
- घायते मानिस एक यहूदी थिए अनि जसले साँचो प्रेम देखाए तिनी अर्कै जातिका एक सामरी थिए भनि बुझाउनु होस्। यहूदी र सामरीहरु एउटै क्षेत्रमा बसेता पनि तिनीहरु माझ शत्रुता थियो।



- नानीहरुलाई सोध्न पर्ने प्रश्नहरु :

(1) सामरी आउन भन्दा पहिले कति जना मानिसहरु घाइते मानिसको छेउबाट भएर गए?

(2) पुजारी र लेवी त्यस मानिसको आफ्नै जातिको धार्मिक मानिसहरु थिए। तिनीहरु मदत गर्नलाई किन रोकिएन भनि तपाईंले के विचार गर्नुहुन्छ?

(3) सामरी एक भिन्दै जातिका भएका हुनाले घाइले मानिसका जातिहरुसित लड़ाई गर्थे। त्यस मानिसप्रति तिनको भावना कस्तो थियो?

(4) त्यस मानिसको निम्ति सामरीले के गरे?

(5) हामीले कथाबाट कसको उदाहरण लिनु भनी येशुले भन्नु भयो?

असल सामरीको कथा लूका 10:25-37 बाट नाटक गर्नुहोस्। पहिले यसलाई अभ्यास गनुहोस् अनि आराधनाको समयमा प्रौढ़हरुलाई प्रस्तुत गरीदिनु होस्। कथालाई साधारण ढंगमा अभिनय गर्नुहोस्। तपाईले प्रौढ़हरुलाई मदत मांग्न सक्नुहुन्छ।

- किशोर नानीहरुले चोरहरु, घायते यहूदी, पुजा र लेवीको पाठहरु गर्न सक्ने छ। तिनीहरुको वार्ता छैन। तिनीहरुले नबोली नै अभिनयहरु गरुन्।
- नाटकको अन्ततिर मात्र वर्तालाप हुनेछ सामरीले सरायको मालिकलाई भन्दछ, ''यिनको हेर्चाह गर, र अरु बढ़ता



खर्च परेको खण्डमा फर्केर आउँदा तिमीलाई तिरीदिनेछु।'' तपाईले यसलाई नबोली अभिनय गरे हुन्छ।

- अभ्यास गर्नलाई कथालाई पढ्नुहोस् अनि अभिनेताहरुले त्यहाँ भने अनुसार अभिनय गर्ने। नबोली गर्ने भागहरुमा मुहार र तपाईंको चालले अनुभूति देखाउनु होस्।
- दुइ ठूला नानीहरु वा प्रौढ़हरु गधा र असल सामरी बनुन्। गधा बन्ने व्यक्ति घोप्टेर बसुन अनि त्यसको पिठयूँमा एउटा च्यादर ओढ़ाउनु होस्। एउटा पुच्छर जोड़नुहोस् (पुरानो कपड़ा वा छोटो डोरी प्रयोग गर्नुहोस्।) टाउको पट्टि लामो कान जोड़नुहोस् (गद्दा वा कपड़ाको) गधा झैं कराउन- ''हिं...हिं कैले कैले।
- कुन कथा प्रस्तुत गरीन्दैछ प्रौढ़हरुलाई अघिबाटै नजनाउनु होस्। प्रौढ़हरुलाई अन्दाज गर्न लाउनु होस्, कुन कथा हो भनेर।

एउटा गधाको नक्सा बनाएर व्याखा गर्नुहोस् कि जीवनमा आइपर्ने कष्टहरुका बोझहरु एकार्कामा कसरी बाँटेर मदत गर्न सक्छ।

**कविता :**तीन जना नानीहरु प्रत्येकले एक एक पद गरी भजन संग्रह 41:1-3 पाठ गरुन :

त्यो धन्यको हो, जसले निर्धाहरुको चिन्ता गर्दछ।

प्रभुले त्यसलाई विपत्तिको दिनमा छुटकारा दिनुहुनेछ।

परमप्रभुले त्यसलाई रक्षा गरेर जीवित राख्नुहुनेछ, र त्यो पृथ्वीमा आशीर्वादी हुनेछ।

तपाईंले त्यसलाई त्यसका शत्रुहरुको इच्छामा नछोड़नुहोस्।

परमप्रभुले त्यसलाई त्यसको विरामी अवस्थामा पलङ्गैमा सम्भाल्नुहुन्छ।

त्यसलाई रोग लाग्दा तपाईंले त्यसको ओछ्यान बनाइदिनुहुन्छ।

**प्रदर्शन**

- एउटा मोमबत्ती बाल्नुहोस् अनि एउटा टेबलमाथि राख्नुहोस्।
- एउटा ठूलो बाकस वा टोकरी उल्टाएर त्यस माथि राख्नुहोस्, बत्तीलाई लुकाउन। आगोले चाँड़ै पक्रने कुनै पनि थोक प्रयोग नगर्नु होला।
- मत्ती 5:14-16 पढ़नुहोस्, अनि मोमबत्तीलाई खोल्नुहोस् परमेश्वरमा भएको चोखो प्रेमले हामीलाई अति खांचोमा परेका मानिसहरुको निम्ति चलाउनु हुन्छ भनी बताउनुहोस्।



**मत्ती 5:16 कण्ठस्थ गर्नुहोस्।**

**प्रार्थना :**

**पावल-तिमोथी बालकहरुको अध्ययन-प्रेम, सी. 4 बी.**

'बुवा, हाम्रा वरीपरी भएका मानिसहरुको खाँचोलाई देख्न हामीलाई मदत गर्नुहोस्।

हामीले तिनीहरुलाई जानौं वा नजानौं, तिनीहरुलाई झट्टै मदत गर्नलाई हामीलाई मदत गर्नुहोस्।

तिनीहरुलाई योग्य रितिले प्रेम देखाउनमा हामीलाई मदत गर्नुहोस्।

जसको मित्रहरु परिवार छैनन्, साथै शत्रुहरुलाई पनि प्रेम गर्नमा हामीलाई मदत गर्नुहोस्।

येशुको नाममा, आमेन!